# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## नरैनापुर गाउँपालिका
## बाँके

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

नरैनापुर गाउँपालिका

बाँके

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

नरैनापुर गाउँपालिका

बाँके

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन। अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
लुम्बिनी प्रदेश

मितिः२०८१।२।११

प.सं. २०८०।८१

च.नं. ९९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

**श्री अध्यक्षज्यू,**
**नैरनापुर गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**बाँके ।**

१. **कैफियत सहितको राय** - हामीले नैरनानपुर गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.५ करोड ९५ लाख ७१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोमा बाँकी बेरुजु असुल गर्नुपर्ने रू.५१ लाख ९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ३७ लाख ६ हजार, नियमित गर्नुपर्ने रु.३ करोड १३ लाख ३५ हजार र पेश्की बाँकी रु.९३ लाख ४० हजार रहेको छ । नरैनापुर गाउँपालिकाको गतवर्ष सम्म रु.१९ करोड ७० लाख ५२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२५ करोड ६६ लाख २३ हजार रहेको छ । नरैनापुर गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग

सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नैरनापुर गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नैरनापुर गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली)**
**नायब महालेखापरीक्षक**

# नरैनापुर गाउँपालिका,

बाँके जिल्ला,

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३० | १८ | ५९५७१ | ० | ० | ० | ३० | १८ | ५९५७१ | ५१९० | ३१३३५ | १३७०६ | ० | ० | ४५०४१ | ९३४० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाँके | १९७०५२ | ० | ० | १९७०५२ | ० | ५९५७१ | २५६६२३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु. हजारमा)

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | ० | - | ० |
| | चालु वर्षको जम्मा | ० | - | ० |
| | <u>गत विगत वर्षतर्फको</u> | | | |
| | २०७८।७९ | ० | - | ० |
| | २०७७।७८ | ० | - | ० |
| | २०७६।७७ | ० | - | ० |
| | गत विगतको जम्मा | ० | - | ० |
| | कुल जम्मा | ० | - | ० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## १ परिचय

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नरैनापुर गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नरैनापुर गाउँपालिकाको उद्देश्य रहेको छ । यस नरैनापुर गाउँपालिका अन्तर्गत ६ वडा, ३२ सभा सदस्य रहेका छन् ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।01 देखि २०८०।०९।०६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ७०५२३१६५७ राजश्वतर्फ रु. १०९२३२१३ धरौटीतर्फ रु. २१८७७३५६ लागायत जम्मा रु. ७६१०९५४२९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **पालिकावाट प्रवाह भएको सेवाको विवरण**

सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । यस पालिका वाट वितरण भएका सेवा निम्न वमोजिम रहेका छन् ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १५४७ |
| मृत्युदर्ता | ३८२ |
| बसाईसराई दर्ता | २७ |
| विवाह दर्ता | ७३७ |
| सम्बन्धविच्छेद दर्ता | ३ |

३ **अनुदान प्राप्त र फिर्ता**

अनुदान फिर्ता — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई वाकी रहेको देखिएन ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | सशर्त | २०५३६२४३५ | १९२१४२०८६ | १३२२०३४९।४९ | ० |
| | विषेश | १४२८३९३९ | १४२८३९३९ | | ० |
| | समपुरक | १०९८०२४९ | १०९८०२४९ | | ० |
| प्रदेश सरकार | सशर्त | ० | | | ० |
| | विषेश | ५९१८३५० | ५८३६७०० | ८१६५० | ० |
| | समपुरक | १४९१८८३७ | १४८२४६६४ | ९४१७३ | ० |

४ **वजेट पेश र पारित**

बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस

स्थानीय तहमा उपाध्यक्षद्धारा मिति २०७९।३ ।१० गते रु. ५५ करोड ५७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३ । १० । मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

५ **अवण्डा वजेट**

अबण्डा बजेट — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस नरैनापुर पुजिंगत तर्फ समपुरक कोष भनी एकमुष्ठ रु ५ करोड वजेट राखेको छ । उक्त वजेट गाउँपालिकाले विभिन्न मितिमा कार्यपालिकाको निर्णय गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

६ **योजना छनौट**

योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७९।८० को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० देखि ५० लाख सम्म | ५० लाख भन्दा वढी को | जम्मा |
|---|---|---|---|---|---|---|
| ० | ० | १२ | १५ | १४ | ७ | ४८ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. २ लाख देखि २ करोड ४९ लाख सम्मका जम्मा ४८ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र १२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने देखिएकोले पालिकाले योजना तथा कार्यक्रम तर्जुमा गर्दा ठुला आयोजना, दिगो तथा उत्पादन मुलक क्षेत्रमा प्रथामिकता दिनु पर्दछ । यस तर्फ पालिकाको ध्यान जानु जरुरी छ ।

७ **क्षेत्रगत वजेट**

क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १९१५०००० | १६४३९१९२ | ३.३९ |
| २ | पूर्वाधार विकास | १५४१५३००० | १४३९८९४९३ | २९.७४ |
| ३ | सामाजिक विकास | २११२०७००० | १९९०६२२६५ | ४१.१२ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १८१८०००० | ११५६५५०३ | २.३८ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १४७३६७००० | ११२९८६६५४ | २३.३४ |
| | **जम्मा रु** | | ४८४०४३१०८ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४१.१२ प्रतशित र संस्थागत वकिास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा २.३८ प्रतिशत रहेको छ । त्यस्तै पालिकाले वातावरणीय विकासमा वजेट विनियोजन नै गरेको छैन । पालिकाले वजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानिय रोजगार वृद्धि गर्ने, उत्पादन वृद्धी गर्ने तथा सन्तुलित हुने गरी गर्नुपर्दछ । यस तर्फ पालिकाको ध्यान जानु जरुरी छ ।

## ८ चौमासिक पूजींगत खर्च

चौमासिक पूँजीगत खर्चः गाँउपालिकावाट विनियोजन भएको वजेटको समानान्तर खर्च गर्नुपर्दछ । गाँउपालिकाले दिएको विवरण अनुसार चौमासिक खर्च प्रगती निम्न छ ।

| कुल खर्च रु | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाड महिनामा खर्च |
|---|---|---|---|---|
| १८७२७७८१८ | ३१२७९२६४ | ५२८३८७३० | १०३१५९८२४ | ४४९८३८८३ |
| खर्च प्रतिशत | १६.७० | २८.२२ | ५५.०८ | २४.०१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१८७२७७८१८ निकासा भएकोमा प्रथम चौमासिक रु. ३१२७९२६४ अर्थात १६.७० प्रतिशत, दोश्रो चौमासिक रु. ५२८३८७३० अर्थात २८.२२ प्रतिशत र तेश्रो त्रैमासिक रु. १०३१५९८२४ अर्थात ५५.०८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४४९८३८८३ अर्थात २४.०१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

## ९ वजेट र कार्यक्रम विच समाञ्जस्यता

बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## १० पेश्की वाँकी को विवरण

पेश्की बाँकिको विवरण  आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा पेश्की रकम कानून बमोजिम तोकिएको म्याद भित्र फछ्यौट गर्नुपर्ने उल्लेख गरेको छ । गाउँपालिकाको सुत्र प्रणाली २११ को विवरण अनुसार म्याद ननाघेको मोविलाईजेशन पेश्की रु ३७००००० र म्याद नाघेको विभिन्न प्रकारको पेश्की रु ९३४०००० फछ्यौट गर्न बाँकी रहेको छ। गाँउपालिकाको म्याद नाघेको फछ्यौट हुन बाँकी पेश्कि रु.

| क्र.सं. | गो भौ नं | प्रयोजन | पेश्की लिने पदाधिकारी कर्मचारी संस्था तथा पाटी | पेश्की रकम रु |
|---|---|---|---|---|
| | **म्याद नाघेको पेश्की रु** | | | |
| | **पदाधिकारी पेश्की** | | | |
| १ | ८९२।०८०।३।१२ | भ्रमण खर्च | गा पा अध्यक्ष इस्तियाक अहमद शाह | ५०००० |
| २ | ४७८।०७९।९।१८ | पारिश्रमिक | वडा अध्यक्ष मसुद अहमद शाह | ३००००० |
| | | | जम्मा रु | **३५००००** |
| | **कर्माचारी पेश्की** | | | |
| १ | ४१।०७९।५।११ | अतिथी सत्कार खर्च | लेखापाल प्रकाश अधिकारि | २५०००० |
| २ | २३१।०७९।६।१२ | विविध खर्च | अधिकृत छठौ मनोज शर्मा | १००००० |
| ३ | ५।०७९।६।३१ | कार्यक्रम पेश्की | क अ शिव कुमार शर्मा | २५०००० |
| ४ | ६०६।०७९।१०।९ | कार्यक्रम पेश्की | सहायक पाचौ इशाक जोताह | २०००० |
| ५ | ६०६।०७९।१०।९ | कार्यक्रम पेश्की | सहायक पाचौ इशाक जोताह | २००००० |
| ६ | २८५।०८०।२।१४ | कार्यक्रम पेश्की | सहायक जगत राम यादव | १००००० |
| ७ | २८५।०८०।२।१५ | कार्यक्रम खर्च | सहायक जगत राम यादव | १४०००० |
| ८ | २८५।०८०।२।१५ | कार्यक्रम खर्च | सहायक जगत राम यादव | २०००० |
| ९ | ३०२।०८०।२।३२ | कार्यक्रम पेश्की | रोजगार संयोजक मकवुल अहमद मुकेरी | २०००० |
| | **जम्मा रु** | | | **११०००००** |
| | **मोविलाईजेशन पेश्की** | | | |
| १ | ८३।०८०।३।२३ | जय विकास मा विको विकास गुरुयोजना | सिताराम निर्माण सेवा | १८००००० |
| | **जम्मा रु** | | | **१८०००००** |
| | **संस्थागत तथा उपभोक्ता समिति पेश्की** | | | |
| १ | ३४८।०७९।८।१२ | घर भाडा | अवध मिडिया ग्रुप प्रा लि | ८०००० |
| २ | ४६२।०७९।९।१६ | विविध खर्च | महत्सव समिति | २००००० |
| ३ | २१।०७९।१०।९ | शैक्षिक सुधार कार्यक्रम | मदरशा अलिसुन्त गौरिया रजाउल स्लाम महतिनिया | १२००००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | १८३।०७९।१०।९ | सडक निर्माण | मदरशा अलिसुन्त गौरिया रजाउल स्लाम महतिनिया | १२००००० |
| ५ | ११।०७९।११।२१ | महतिनिया विधालय निर्माण | सिताराम दुर्वासा जे भी | २३५०००० |
| ६ | ३०।०७९।१२।२ | विधालय कक्षा कोठा निर्माण | आदर्श माध्यमिक विधालय | ८००००० |
| ७ | ३७।०८०।३।२४ | तटवन्ध निर्माण | डायमण्ड मल्टिमिडिया प्रा लि | ५०००० |
| ८ | ३२।०७९।५।२२ | ठाकुर द्वार मन्दिर निर्माण | ठाकुर द्वार मन्दिर निर्माण उ स | १५०००० |
| ९ | ९७।०७९।७।२३ | मन्दिर निर्माण | माडवा मन्दिर निर्माण उ स | ४०००० |
| | **जम्मा रु** | | | **६०७००००** |
| | **व्यक्तिगत पेश्की** | | | |
| | २६१।०७९।१२।२४ | पानि टंङ्की निर्माण | पिर मोहम्मद खा | २०००० |
| | | | **जम्मा रु** | **२००००** |
| | | | **कुल जम्मा रु** | **९३४००००** |
| | **म्याद ननाघेको पेश्की** | | | |
| | **मोविलाइजेशन पेश्की** | | | |
| | ८३।०८०।३।२३ | जय किसान मा. वि. विकास गुरुयोजना कार्यान्वयन वडा नं. ६ | सिताराम निर्माण सेवा | ३७००००० |
| | | | जम्मा | ३७००००० |

| | |
|---|---|
| पेश्की | ९३,४०,००० |

११ **आन्तरिक लेखापरीक्षण**

आन्तरिक लेखापरीक्षण  स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्यको आन्तरीक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गरी आन्तरिक लेखापरिक्षण गर्नुपर्नेमा यस आर्थिक वर्षको गाउँपालिका वाट विनियोजन हुने आय व्ययको आन्तरिक लेखापरीक्षण गराएको छैन। पालिकाले कानूनले गरेको व्यवस्था वमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखारीक्षण गराउनुपर्दछ।

१२ **आन्तरिक नियन्त्रण**

१२.१ आन्तरिक नियन्त्रण प्रणाली : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको,
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको,
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२.२ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१३ **कानून निर्माण तथा विवाध समाधान**

१. कानून र सञ्चालन स्थिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार

स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ऐन, नियमावली, कार्यविधि लगायत ४४ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवश्यक कानून निर्माण गरी सेवा प्रवाहमा एकरुपता, नियमितता तथा गुणस्तरियता कायम गर्नुपर्दछ ।

२. न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ११ र यो बर्ष थप भएको ३ गरी कुल १४ विवाद दर्ता भएकोमा ३ वटा मात्र फछ्र्यौट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

| |
|---|
| |

१४ **आन्तरिक आय संग खर्चको तुलना**

खर्च बिश्लेषणः पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १,२३,८९,००० राजस्व बाँडफाँड र अनुदानबाट रु समेत रु ४७,१६,५३,४२० आम्दानी भएकोमा चालु तर्फ रु २८,३८,९८,००० र पूँजिगत तर्फ रु १८,२२,८८,००० र बित्तिय समेत रु ४६,६१,८६,००० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.६५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु ५९,८२,००० खर्च भएको छ, जुन आन्तरिक आयको ४८.२८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.१९ प्रतिशत चालु र ३९.८१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

| |
|---|
| |

१५ **कर विजक पेश गर्नुपर्ने**

कर विजक नभएको : १९/२०७९-१२-३० प्रदेश सरकार समपूरक कोषबाट ने.रा.प्रा.वी महतेरियाको भवन निर्माण कार्यको प्रथम रनिङ बिलबाट भुक्तानी भएको PS Item बापत रु. ४,०३,८३७ ।- मध्ये रु. २,२४,624 ।- को कर विजकमा समावेश भएको छैन। निर्माण व्यवसाय सिताराम/दुर्वासा जे.भी को निर्माण कार्यमा PS Item को समेत रकम जोडी कर विजक जारी गर्नुपर्नेमा कर विजक नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२४,६२४ |

| |
|---|
| |

१६ **वढी खर्च व्यहोरेको**

बढी खर्च व्यहोरेको : २८।२०८०।३।२२ प्रदेश सरकारको समपूरक कोषबाट ने.रा.प्रा.वी महतेनिया वडा नं १ को भवन निर्माणको लागि रु १ करोड ५० लाख बजेट विनियोजन गरेको छ । गाउँपालिका स्रोत समपूरक कोषबाट समेत रु. १ करोड ५० लाखको बजेट व्यवस्था रहेको छ। विद्यालयको 8 कोटे भवन निर्माण लगायत अन्य निर्माण कार्यका लागि मिति २०७९ पौष ५ गते रु.

२,४९,३८,१९८।- ( भ्याट समेत) मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी सीताराम सीताराम / दुर्वासा जेबीसँग सम्झौता भएको छ । मिति २०८१ असार ५ गतेसम्म म्याद रहेको सो निर्माण कार्यमा आ.व को अन्तसम्म रु १,५९,८३,४३७ ।- भुक्तानी भएको छ। खर्चको आधारमा निर्माण कार्यमा ६४% प्रगति भएको छ। भवन निर्माणमा खर्च गर्दा दुवै स्रोतबाट बराबर खर्च बेहोर्नुपर्नेमा प्रदेश सरकारको स्रोतबाट रु. ४५,००,००० ।- बढी खर्च व्यहोरेको अनियमित रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,००,००० |

## १७ कर दस्तुर एवंम आन्तरिक आय

१७.१ आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १ करोड ९ लाख २३ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १ करोड ८ लाख ९१ हजार संकलन राजश्व संकलन भएको छ जुन लक्ष्यको ९९.७० । गाँउपालिकाले जुन शीर्षक वाट राजश्व संकलन गरेको छ सोही शीर्षकमा राजश्व दाखिला गरेको छैन तसर्थ राजश्वको उपशीर्षकको लक्ष्य प्रगती यथार्थ मान्न सकिदैन । गाउँपालिकाले जुन शीर्षक वाट राजश्व संकलन भएको हो सोही शीर्षकमा जम्मा गर्नुपर्दछ । गाउपालिकाले आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | | |
| घरजग्गा वहाल कर | २५००० | | |
| व्यवसाय कर | ० | | |
| वहाल विरौटी शुल्क | ० | | |
| न्यायिक दस्तुर | १००००० | | |
| बेरुजु | ७१३७२१३ | ३२,००,००० | |
| अन्य राजस्व | १३६००० | २४,००,००० | |
| अन्य दस्तुर | ५००००० | | |
| भुमिकर।मालपोत | २०००००० | २,६५,६६५ | |
| सिफारिस दस्तुर | ५००००० | | |
| नक्सापास | २५००० | | |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० | ४,४७,५०० | |
| | १,०९,२३,२१३ | ६३,१३,१६५ | |

- गाँउपालिकाले असार महिनामा संकलन भएको राजश्व गत वर्षको मौज्दात भनि रु ४५७७९०० देखाएको छ । पालिकाले जुन शीर्षक बाट आम्दानी गरेको हो सोही शीर्षकमा राजश्व जम्मा गर्नुपर्दछ ।
- पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

१७.२ पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| केन्द्रिय अनुदानबाट खर्च रु हजारमा | आन्तरिक आय रु हजारमा | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४७१६५३ | १०८९१ | २.३१ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.३१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १८ अधुरा आयोजना

१. अधुरा आयोजना : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार ८ वटा योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ। यसरी कानून विपरीत सम्झौता गरी बर्षैसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

| निर्माण कार्य | निर्माण व्यवसायी | शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति | म्याद थप पछी सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | यो वर्ष सम्मको भुक्तानी |
|---|---|---|---|---|---|
| Construction of Narainapur Rural Municipality Administrative Office Building, Narainapur-4, Banke | Mahalaxmi / Jugal JV Kathmandu | २०७९ /०६/३१ | २०८० /११/३१ | ६,८०,३१,५८१.४९/- | चौथो रंनिग विल सम्म भुक्तानी भएको । |
| Construction of Narainapur Gausala Truss Building works for Shed Block, Food Store Block & Training Hall Block in Narainapur-4, Banke | Pratistta-Mangaldeep-JugalJ/V | २०८० /०१/०७ | २०८० /१०/०७ | ६,७५,५५,१०४.८९/- | दोस्रो रंनिग विल सम्म भुक्तानी भएको । |
| Construction & Upgrading of Road From Hulaki road to Baniya village, Naranapur-1, Banke | K.R. Construction Kohalpur-10, Banke | २०७८/११/३० | | ५६,५९,७३५.११/- | छैन |
| Construction & Upgrading of Road From Hulaki road | Bastekoti - Umar JV | २०७८/११/३० | | ५९,२८,८०३.४६/- | छैन |

| | | | | | |
|---|---|---|---|---|---|
| to Kalagaun Village, Naranapur-3, Banke | Duduwa-4, Banke | | | | |
| Construction of 15 Bed Hospital Building in Narainapur, Banke. | Hanuman Construction Pvt. Ltd. Kathmandu | २०८०/०६/१० | २०८१/०३/१० | १६,९७,५१,३५४.५८/- | तेस्रो रंनिंग विल सम्म भुक्तानी भएको । |
| Construction Repair & Maintenance Works of Nepal Rastriya Primary School in Khodawa, Prashrampur (Jayarampurwa), Gegli, Suiya & Shankarnagarkotiya Narainapur, Banke. | Saiyad Gaji Fatte Nirman Sewa, Jamunaha -8, Banke | २०८०/०३/२५ | | ३२,९०,६४६.११/- | दोस्रो रंनिंग विल सम्म भुक्तानी भएको । |
| Construction of Sonbarsha Health Unit Office Building in Sonbarsha Village, Narainapur -06, Banke. | Saiyad Gaji Fatte Nirman Sewa, Jamunaha -8, Banke | २०८०/०३/२५ | | १८,५३,१९८.९२/- | दोस्रो रंनिंग विल सम्म भुक्तानी भएको । |
| Construction Of Two Room Two Storey Of School Building in Nepal Rastriya Primary School Kodarbitwa,Narainapur -6,Banke. | Kalpeshwor Nirman Sewa, Raptisonari -2, Banke | २०८०/३/२५ | २०८०/०६ /२५ | ४८,३१,७२४.७४/- | म्याद थप को मिती भित्र कार्य सम्पन्न भएको । |

२. सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

१९ **DPR कार्य**

डिपिआर कार्य : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा एउटै प्याकेजबाट गर्न सकिने सार्वजनिक कार्य सम्भव भएसम्म एउटै प्याकेजबाट गर्नुपर्ने, नियम ५ बमोजिम आवश्यकताको आधारमा माग प्राप्त गर्नुपर्दछ । गाउँपालिकाले यो वर्ष वडा नं १ देखि ६ सम्म नै बेग्ला बेग्लै पार्टीसँग सोझै सम्झौता गरी हाटबजारको डिपिआर गरी सो बापत रु २९,७४,६०९ भुक्तानी गरेको छ। गाउँपालिकाले आवश्यकता पहिचान गरी सो कार्य गरेको देखिएन । सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को प्रक्रिया पूरा गरी कार्य नगरी सोझै 6 वटा पार्टीसँग 6 टुक्रामा कार्य गरेको अनियमित कार्य रु.

- गाउँपालिकाले डिपिआर बाट प्राप्त गरेका प्रतिवेदनहरू दाखिला गरी अभिलेखाङ्कन गरेको छैन।

| | |
|---|---|
| अनियमित भएको | २९,७४,६०९ |

२० **एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम**

अस्पताल भवन निर्माण : गाउँपालिका अन्तर्गत १५० शैयाको अस्पताल भवन निर्माण कार्यको लागि रु. १६ करोड ९७ लाख ५१ हजारमा निर्माण कार्य सम्पन्न गर्ने गरी हनुमान कन्स्ट्रक्सनसँग मिति २०७८/१२/१० मा सम्झौता भएकोमा निम्न व्यहोरा देखिएको छ ।

१. पेस्की कट्टा नगरेको : ७/२०८०-३-३० निर्माण व्यवसायीसँग भएको सम्झौताको वुँदा नं. ५७.३ बमोजिम ३0 प्रतिशत भन्दा माथि भुक्तानी हुने अवस्थामा प्रत्येक रनिङ बिलबाट ३० प्रतिशतका दरले पेस्की कट्टा गरी ८० प्रतिशत कार्य प्रगति हुँदा सबै पेस्की कट्टा भइसक्ने गरी पेस्की कट्टा गर्नुपर्दछ । अस्पताल भवनको दोस्रो रनिङ बिलसम्म रु. ६,८४,९९,६०८

।- भुक्तानी भएको छ । जुन खर्चको हिसाबमा ४० प्रतिशत प्रगति हुन्छ । गाउँपालिकाले दोस्रो रनिङ बिल रु. ४,११,५०,४४२ ।- (भ्याट बाहेकको) भुक्तानीमा ३० प्रतिशतले हुने रु. १,२३,४५,१३२ ।- पेस्की फछ्यौट गरी बाँकी रकम भुक्तानी गर्नुपर्नेमा पेश्की फछ्यौट नगरी निर्माण व्यवसायीलाई लाभ पुग्ने गरी कार्य गरेको रु.

| | |
|---|---|
| अनियमित भएको | १,२३,४५,१३२ |

२१ **समपुरक कोष**

समपूरक कोष : संघिय सरकार, प्रदेश सरकार तथा अन्य कुनै स्रोत तर्फबाट म्याचिङ फण्डको रुपमा स्वीकृत भएका आयोजनामा गाउँपालिकाले यस्तो समपूरक कोषमा रकम विनियोजन गर्नुपर्दछ । गाउँपालिकाले यस कोषको लागि रु ५ करोडको बजेट विनियोजन गरेको छ । संघ र प्रदेश सरकारको समपूरक अनुदानमा सञ्चालित 1/1 आयोजनामा जम्मा रु. २ करोड ६० लाख बजेट स्वीकृत छ। सोही बमोजिम गाउँपालिकाले समपूरक कोषमा रकम विनियोजन गरी खर्च गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत विषयगत महाशाखाले बजेट बनाउँदा यस विषयमा ध्यान दिनुपर्दछ । गत विगत वर्षमा निर्माण प्रारम्भ भई अधुरा योजना तथा यो वर्ष सञ्चालन गरिने योजनाको प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गर्नुपर्दछ । जुन योजना/ कार्यक्रमको रकम हो सोही योजनामा मात्र खर्च गर्नुपर्दछ। गाउँपालिकाले यो वर्ष समपूरक कोषबाट रु. ५ करोड खर्च गरेको छ । समपूरक कोषबाट खर्च गर्नु गर्नुपर्ने योजना बाहेक अन्य योजना/ कार्यक्रममा समेत खर्च भएको छ । संघ तथा प्रदेश समपूरकमा रहेका योजनामा रु. २ करोड २५ लाख खर्च भएको छ । तोकिएका आयोजना बाहेक यसकोषबाट अन्य विभिन्न आयोजनामा रु. २ करोड ७५ लाख खर्च भएको छ ऐनले गरेका व्यवस्था वमोजिम स्वीकृत कार्यक्रम र वजेटको सीमा भित्र रही खर्च गर्नुपर्दछ।

२२ **प्रशासकिय भवन**

गाउँपालिकाले प्रशासकीय भवन निर्माण कार्यको लागि निर्माण व्यवसाय महालक्ष्मी/ जुगल जेबीसँग मिति २०७७/१/२५ मा रु. ६,८०,३१,५०१।- (भ्याट समेतमा) ठेक्का व्यवस्थापन भई चौथो रनिङ बिलसम्म रु. ३,७०,२५,५६८ ।- भुक्तानी भएकोमा निम्न व्यहोरा देखिएको छ ।

१. ठेक्का अवधि २०७९/६/३१ सम्म रहेकोमा म्याद थप गरी २०८० असार मसन्तसम्म पुगेको छ । म्याद थप गर्दा पेश्की ग्यारेन्टी, बैंक जमानत तथा बीमाको समेत म्याद थप गरी ठेक्काको म्याद थप गर्नुपर्नेमा सो गरेको देखिएन ।
२. पेश्की वाकी : मोविलाईजेशन पेश्की १,२०,००,०००।- रहेकोमा नियमानुसार फछ्यौट गर्नुपर्दछ ।
३. वैंक कमिशन : गाउँपालिकाले प्रशासकीय भवन निर्माण कार्य अन्तर्गत विभिन्न भुक्तानीमध्ये रु. २,०२,८४५।- बैंक कमिसन बापत भुक्तानी गरेको छ । सो रकम भुक्तानी गर्ने आधार नहुँदा फिर्ता गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०२,८४५ |

२३ **रङ्गशाला निर्माण**

२३.१ रङ्गशाला निर्माण : संघीय सरकारको हस्तान्तरित कार्यक्रम (पुँजीगत) अन्तर्गत खेलकुद पूर्वाधार निर्माण वडा नं. ४ को लागि प्रथम र दोस्रो चौमासिक मा खर्च गर्ने गरी रु ९०,00,000 ।- को बजेट व्यवस्था रहेको छ । सो रकमबाट वडा नं ४ को रङ्गशाला निर्माण भएको छ सो निर्माण कार्यमा निम्न व्यहोरा देखिएको छ ।

१. निर्माण कार्यको लागत अनुमान रु ४,२०,४८,०६०।- (भ्याट समेत) को वनाइ रु. ३,९८,४१,०२२ मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७९/३/13 मा निर्माण व्यवसायी पि.एस. निर्माण सेवासँग सम्झौता भएको छ । ठेक्का अवधि मिति २०८०/३/१३ सम्म रहेको सो निर्माण कार्यमा रु. ३,९४,०९,८७८ खर्च भएको छ ।

२. पालिकाको पुजीगत समपूरक कोषबाट खर्च : संघीय सरकारको हस्तान्तरित समपूरक कोष तथा प्रदेश सरकारको हस्तान्तरण समपूरक कोषमा स्वीकृत भएका कार्यक्रममा मात्र गाउँपालिकाको समपूरक कोषको रकम खर्च गर्न सकिनेमा संघीय सरकारको सशर्त कार्यक्रममा गाउँपालिकाको समपूरक कोषबाट रु. २,४०,२९,३१८ खर्च गरेको छ । गाउँसभाबाट स्वीकृत बजेटमा रङ्गशाला निर्माणको लागि बजेटको व्यवस्था गरेको छैन। बजेटको व्यवस्था नगरी विनियोजन बजेट भन्दा बढीको लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेको छ।

२३.२ पेस्की कट्टा नगरेको : रङ्गशाला निर्माण कार्यको प्रथम रनिङ बिल रु. १,४०,८९,१७९ मिति २०७९/9/३ मा भुक्तानी भएको छ ।संघीय सरकाको श्रोत वाट 9/2079/9/3 मा रु 50,00,000 र गाउँपालिकाको समपूरककोषवाट 123/2079-9-3 मा रु. 90,89,179 गरी रु. 140,89,176 भुक्तानी भएको छ । सो रनिङ बिलसम्म निर्माण कार्य ३५ प्रतिशत सम्पन्न भएको अवस्थामा सम्झौता बमोजिम ३०% ले हुने रु. ४२,६७,५३७ पेस्की कट्टा गर्नुपर्नेमा कार्यालयले पेश्की कट्टा गरेको छैन। नियमअनुसार पेस्की फछ्यौट गर्नुपर्नेमा पेस्की कट्टा नगरेको कारण निर्माण व्यवसायीलाई लाभ पुग्ने गरी कार्य गरेको रु.

| | |
|---|---|
| अनियमित भएको | ४२,६७,५३७ |

२३.३ डिपिआर बमोजिम कार्य : रङ्गशालाको विस्तृत परियोजना प्रतिवेदन ( डि पि आर ) बमोजिम लागत अनुमान रु. १८ करोड ७९ लाख ५ हजार रहेको छ । यो वर्ष वाउन्डरी वाल, माटोको कार्य, वाउन्डरी वालको चेन लिंक, ग्राउन्ड कम्प्याक्सन तथा गार्डरुम, ट्वाइलेट, पोडियम र गेट निर्माण गरेको छ ।पालिकाको पहिचानको रुपमा रहेको यस रङ्गशालालाई डिपिआर बमोजिम बजेटको व्यवस्था गरी भएको लगानीको संरक्षण र परियोजना सम्पन्न गर्ने चुनौती रहेको छ । आ.व २०८०/८१ मा गाउँपालिकाले रु. १०,००,००० खेलकुद पूर्वाधारमा बजेट विनियोजन गरेको छ भने अन्य कुनै स्रोतमा बजेटको व्यवस्था गरेको छैन । बजेटको व्यवस्था गरी लगानीको संरक्षण र निर्माण कार्य सम्पन्न गरी गाउँपालिकाको पहिचानको रुपमा रहेको रङ्गशालालाई आम्दानीको दीर्घकालीन स्रोतको रुपमा विकास गर्नुपर्ने देखिन्छ ।

२४ **कर समायोजन पत्र पेश गर्नुपर्ने**

कर समायोजन पत्र पेश गर्नुपर्ने : गाउँपालिकाले शैक्षिक सुधार कार्यक्रम अन्तर्गत स्वीकृत कार्यक्रम बमोजिम विद्यालयहरूमा खानेपानी जडान कार्य जय बागेश्वरी वाटर प्युरिफायर एण्ड जनरल सप्लायर्सबाट गरेको छ। स्वीकृत कार्यक्रम बमोजिम विद्यालयहरूसँग सम्झौता गरी निर्माण कार्यको नापी तथा बिल भरपाईको आधारमा विद्यालयलाई भुक्तानी गर्नुपर्नेमा कार्यालयले पार्टीलाई भुक्तानी दिएको छ । देहाए बमोजिमको रु १६,००,००० भुक्तानीमा मूल्य अभिवृद्धि करस्वरूप रु १,३६,६५६ भुक्तानीको ३०% कार्यालयले कट्टा गरेको छ भने बाँकी ७०% दाखिला भौचर पेश गर्नुपर्दछ । भुक्तानी लिने पार्टी जय बागेश्वरी वाटर प्युरिफायर एण्ड सप्लायर्स ननफाइलर रहेको कारण बाँकी मु. अ. कर रकम जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं | रकम रु | मु.अ.कर लाग्ने मूल्य | मु.अ.कर रु |
|---|---|---|---|
| ३६/०७९/१२/१ | ८००,००० | १,३१,४०० | ६८,३२८ |
| ४५/२०७९/१०/१२ | ८००,००० | १,३१,४०० | ६८,३२८ |
| **जम्मा** | **१६,००,०००** | **२,६२,८००** | **१,३६,६५६** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९५,६६० |

## २५ समपुरक कोष वाट खर्च

गौशाला निर्माण : गाँउपालिकाले गौशाला निर्माण कार्यको लागि निर्माण व्यवसायी प्रतिष्ठा/ मंगलद्धिया जुगल जे. भी संग मिति २०७८।७।७ मा रु ६,७५,५५,१०४ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेको छ । म्याद थप पश्चात ठेक्का अवधि २०८०।१०।६ गतेसम्म रहेको छ । म्याद थप गर्दा बीमा, बैंक जमानत तथा पेश्की जमानतको म्याद थप गरेको देखिएन । यो वर्ष दोस्रो रनिङ बिलसम्म रु १,०७,११,५८१ भुक्तानी भएको छ। प्रथम रनिङ बिलको रु ६३,६५,९८४ जिल्ला समन्वय सहमतिबाट प्राप्त रकम विविधमा आय गरेकोबाट खर्च भएको छ भने दोश्रो रनिङ्ग विलको रु ४३,३९,०९७ गाँउपालिका पूजिगत समपूरक वाट भुक्तानी भएको छ । गाँउपालिकाको वजेट मा गौशाला निर्माणको लागि रकम विनियोजन नभएकोमा समपूरक कोष वाट खर्च भएको छ ।

## २६ संगठन तथा कर्मचारी व्यवस्थापन

२६.१ तलवी प्रतिवेदन □ निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) मा निजामती कर्मचारीले तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्चलेख्नुपर्ने व्यवस्था गरेको छ । तर पालिका वाट तलवी प्रतिवेदन पारित नगरी रु. ६३,३९,४६७।९६ तलव भत्ता खर्च लेखेको छ । पालिकाले तलवी प्रतिवेदन परित गरेर मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ ।

२६.२ अवकास कोष □ स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानिय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानको आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था गरेको छ ।गाउँपालिकाले कोष स्थापना गरी रकम जम्मा गरेको छैन कानूनमा भएको

व्यवस्था वमोजिम कर्माचारी अवकाश हुदा पर्न जाने दायित्व वहन गर्नको लागि अवकाश कोष स्थापना गरी कार्यान्वयन गर्नुपर्दछ ।

२६.३ कर्मचारी करार — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु. ३३,०५,५९६ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा कर्मची करार नियुक्ति गरी बर्षभरीमा रु. ५,३८,९४० भुक्तानी गरेको अनियमित दिखएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,३८,९४० |

२७ **पदाधिकारी सेवा सुविधा**

१. पदाधिकारी तथा अन्य सुविधा : लुम्बिनि प्रदेशको प्रदेश सभाले बनाएको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७६ को ३,४,५,६,७,८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानिय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विधुत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको छ । पालिकाले दिएको विवरण अनुसार पालकावाट खर्च भएको पदाधिकारी सुविधाको विवरण निम्न रहेको छ ।

| विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ६ जना | कार्यपालिका सदस्य .४ | सभाका सदस्य. २० | जम्मा |
|---|---|---|---|---|---|---|
| यातायात खर्च | १२००० | १२००० | १०००० | ६००० | ३००० | ४३००० |
| टेलिफोन,मोबाइल | ३५०० | ३००० | ३००० | ३००० | २५०० | १५००० |
| पुस्तक,पत्रीका,ईन्टरनेट | ४००० | ४००० | ३००० | ३००० | २००० | १६००० |
| समन्वय तथा सहजीकरण | १०००० | ८००० | ६००० | ५००० | ३००० | ३२००० |
| अतिथि सत्कार | ६००० | ५००० | ४००० | | | १५००० |
| खानेपानी/बिजुली/सरसफाई | ५००० | ५००० | २००० | | | १२००० |
| चाडपर्व खर्च | १५००० | १५००० | १२००० | १०००० | ७००० | ५९००० |
| मर्मत संभार र विघुत।उर्जा खर्च | ५००० | ५००० | २००० | | | १२००० |
| **जम्मा** | **६०५००** | **५७०००** | **४२०००** | **२७०००** | **१७५००** | |
| **जम्मा -चाडपर्व खर्च बाहेक** | **५४६०००** | **५०४०००** | **३६०००** | **२०४०००** | **१२६०००** | **५७०००००** |
| **जम्मा खर्च चाडपर्व खर्च सहित** | **५६१०००** | **५१९०००** | **४८०००** | **३७०००** | **२४५००** | **५९८२०००** |

२. स्वकिय सचिव र सल्लाहकार नियुक्ती गरेकोः स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले तोकिएको वाहेक सुविधा लिन नपाउने व्यवस्था गरेको छ । स्थानिय तहले स्वकीय सचिव/ प्रेस सल्लाहकार तथा कानूनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्।

त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । गाउँपालिकाले यस वर्ष स्वकीय सचिव को रुपमा ब्रिजेन्द्र कुमार यादव लाई नियुक्ती गरी रु २,८०,००० भुक्तानी भएको नियम संगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,८०,००० |

## २८ उपभोक्ता मार्फत कार्य

२८.१ उपभोक्ताको योगदान नखुलेको : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३) क(१) मा ६० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य एकाइमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान खुलाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका कार्यहरूको लागत अनुमान ६० लाख भन्दा माथि रहेको अवस्थामा प्रत्येक कार्य एकाइमा उपभोक्ता समितिको योगदानको अंश खुलाएको छैन। नियमावलीले गरेको व्यवस्था वमोजिम उपभोक्ताको योगदानको अंश खुलाउनु पर्दछ ।

| सि नं | योजना | उपभोक्ता समिति | लागत रकम |
|---|---|---|---|
| १ | गेगली गाउँमा pcc वाटो निर्माण | गेगली गाउँमा pcc वाटो निर्माण उपभोक्ता समिति | ७६३०४४२ |
| २ | गंगापूर मस्दिज देखि पाण्डेको घर सम्म वाटो निर्माण | गंगापूर मस्दिज देखि पाण्डेको घर सम्म वाटो निर्माण उपभोक्ता समिति | ७५०३७२१ |
| ३ | वेउचहवा गाउँको अधुरो वाटो pcc | वेउचहवा गाउँको अधुरो वाटो pcc उपभोक्ता समिति | ६६२०७८२ |

- उपभोक्ता समितिबाट गरिएका उपर्युक्त निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री गुणस्तर परीक्षण प्रतिवेदन लिनुपर्नेमा प्रतिवेदन लिने गरेको छैन।
- कार्य प्रगतिको आधारमा पेस्की फछ्यौट गर्दै जानुपर्नेमा समयमा पेश्की फछ्यौट गरेको छैन।

२८.२ गङ्गपुर मस्जिद देखि पाण्डेको घरसम्म माटो कटान तथा ग्राबेल गर्ने कार्यको लागि रु. २० लाख बजेट रहेकोमा रु ७५,०३,७२१ ।- को लागत अनुमान तयार गरी खर्च भएको छ। खर्च रकममध्ये गाउँपालिका समपुरक कोष र अन्य सार्वजनिक निकायबाट गरी रु. 28,16,070।७० भुक्तानी भएको छ । जुन योजनामा जति रकम विनियोजन भएको छ । सोही दायरामा रही लागत अनुमान तयार गरी खर्च गर्नुपर्दछ ।

## २९ कार्यसम्पन्न पेश गर्नुपर्ने

२९.१ कार्य सम्पन्न नहुने : गाउँपालिकाले स्वीकृत कार्यक्रम बमोजिम समयमा नै कार्य सम्पन्न हुने गरी अर्थात् साल बसाली योजनाहरू आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी कार्य व्यवस्थापन गर्नुपर्दछ । देहायका विद्यालयहरूको निर्माण कार्यमा सम्झौता भएको लामो समय सम्म कार्य भएको देखिँदैन । आर्थिक वर्ष

समाप्त भइसक्दा समेत प्रथम बिल समेत प्राप्त भएको अवस्था छैन। आर्थिक वर्षभित्र योजना सम्पन्न गर्न गाउँपालिकाले प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ तथा विधालयको कार्य सम्पन्न पेश गर्नुपर्ने रु

| योजनाको नाम | सम्झौता मिति | सम्पन्न मिति | सम्झौता रकम | पेश्की रकम | हाल सम्मको प्रगति |
|---|---|---|---|---|---|
| दारुल उलुम अन्जुमन इस्लामिया वडा नं १ | २०७९/१०/३ | २०८०/३/१५ | ३४१८३८३ | १२००००० | कुनै पनि रनिङ विल प्राप्त नभएको |

| प्रमाण पेश नगरेको | १२,००,००० |
|---|---|

२९.२ कार्यसम्पन्न पेश गर्नुपर्ने : शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरूको २ कोठे तथा ४ कोठे भवन निर्माण कार्य निर्देशिकाले तोके बमोजिम सम्झौता पश्चात किस्ता भुक्तानी कायम गरी निकासा दिनुपर्दछ । नापी किताब तथा बिलको आधारमा दोस्रो किस्ता र कार्य सम्पन्न पश्चात अन्तिम किस्ता रकम निकासा दिनुपर्नेमा गाउँपालिकाले कार्यसम्पन्न नहुँदै विद्यालयको पुरै रकम निकासा गरेको छ । देहाएको विद्यालयलाई यस कार्यक्रमबाट निकासा भएको रु ११४६५९१० को कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| विद्यालय | भवन | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| ने.रा प्रा.वी वडा नं ६ | ४ कोठे | कल्पेश्वर निर्माण सेवा | ३०,१७,८६४।- |
| ने.रा आ.वी जमुनी | ४ कोठे | विधालय व्यवस्थापन समिति | ४०,४७,९४६ |
| आदर्श मा वि लक्ष्मणपुर | ४ कोठे भवन | | ४४००००० |
| | | जम्मा | ११४६५९१० |

१. आर्थिक वर्ष 20७८/०७९ को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको रकमबाट निर्माण गरिएको ने.रा.प्रा.बी जमुनाको 4 कोठे भवनको कार्य सम्पन्न नभएको कारण यो वर्ष गाउँपालिका (पुँजीगत) समपूरक वाट रु. १८९५३०८ निकासा दिएको छ ।आ.व २०७८/०७९ मा निर्माण कार्य सम्पन्न गर्नुपर्ने भवन यो वर्ष गाउँसभाको स्रोतबाट रकम निकासा गर्दा समेत सम्पन्न भएको छैन । जति रकम निकाशा भएको छ सोहि वरावरको कार्यसम्पन्न पेश भएको छ ।

| प्रमाण पेश नगरेको | १,१४,६५,९१० |
|---|---|

## ३० पेश्की रकम कट्टा नगरेको

पेश्की रकम कट्टा नगरेको : ८४/२०८०-३-२४ प्रथम रनिङ बिलबाट रु ६९,१४,८०४ ।- को निर्माण कार्य भएको देखिन्छ । जसबाट निर्माण कार्यमा ३७% कार्य भएको छ । सम्झौता बमोजिम ३० प्रतिशत भन्दा बढी कार्य भएको अवस्थामा ३० प्रतिशतका दरले पेस्की रकम कट्टा गर्दै जानुपर्दछ। गाउँपालिकाले प्रथम रनिङ बिलको भुक्तानीमा रु. २०,७४,४४१ ।- पेश्की कट्टा नगरेको कारण निर्माण व्यवसायीलाई लाभ पुर्याउने हिसाव वाट पेश्की कट्टी नगरेको रु.

| अनियमित भएको | २०,७४,४४१ |
|---|---|

३१ **किशान मा वि गुरुयोजना**

वढी व्ययभार पारेको : संघीय सरकार र गाउँपालिका स्रोतबाट बराबरी हिस्सा रकम बेहोर्नुपर्नेमा पेस्की तथा प्रथम रनिङ बिलको समेत गरी जम्मा रु १,०३,७९,९४५ संघीय सरकारको स्रोतबाट मात्र व्यहोरेकोले सो रकमको ५० प्रतिशतले हुने रु. 51,89,973 ।- संघीय सरकारको स्रोतबाट बढी खर्च भएको कारण पालिकालाई वढी व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ५१,८९,९७३ |

३२ **नपाउने कन्टिन्जेन्सी कट्टा गरेको**

नपाउने कन्टिन्जेन्सी रकम कट्टा गरेको : शिक्षा तथा मानव श्रोत विकास केन्द्र को कार्यक्रम कार्यान्वय निर्देशिका २०७९/८० को कार्यक्रम कार्यान्वयन मार्गदर्शन मा सशर्त अनुदान अन्तर्गत वित्तिय हस्तान्तरण भई स्थानीय तह मार्फत विधालयलाई उपलब्ध हुने अनुदान रकममा कन्टिनजेन्सी वापतको रकम कट्टा नगरी तोकिएको रकम सम्वन्धित विधालयको खातामा उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले यो वर्ष देहाय वमोजिम कन्टिनजेन्सी रु 4,87,639 कट्टा गरी बाँकी रकम विधालयलाई उपलब्ध गराएको छ । कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम नपाउने कन्टिनजेन्सी कट्टा गरेको रकम असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं | कन्टिन्जेन्सी रकम |
|---|---|
| ३८/२०७९/१२/१ | १७७५०० |
| ५८/२०८०/१/२४ | ३१०१३९ |
| **जम्मा** | **४,८७,६३९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८७,६३९ |

३३ **कोष स्थापना गर्नुपर्ने**

विपद व्यवस्थापन कोष : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२ ) न मा विपद व्यवस्थापन सम्बन्धी व्यवस्था गरेको छ। स्थानीय स्तरमा विपतपुर्व तयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन र नियमन लगायत विभिन्न कार्यहरु गर्नुपर्दछ । सो कार्यको लागि विपद व्यवस्थापनकोष स्थापना गरी कार्यान्वयन गर्नुपर्दछ । गाउँपालिकाले विपद व्यवस्थापन कोषमा रु ४५ लाख बजेट विनियोजन गरी रु २८ लाख ३५ हजार खर्च गरेको छ। विनियोजन रकम सम्बन्धित कोषमा जम्मा गरी सोको कार्यबमोजिम खर्च गर्नुपर्नेमा गाउँपालिकाले कोष नै स्थापना गरेको छैन । कोष स्थापना नगरी गाउँपालिका चालु तर्फबाट नै खर्च गरेको छ । ऐनले गरेकै व्यवस्था बमोजिम कार्यविधि तयार गरी कोष सञ्चालन गर्नुपर्दछ।

३४ **गत वर्षको भुक्तानी**

गत वर्षको भुक्तानी : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम ३९(१५) मा उल्लेख गरिएका विषय वाहेक अन्य चालु प्रकृतिका खर्च भुक्तानी दिन वाँकी विवरणमा समावेश गर्न नपाउने व्यवस्था गरेको छ । गाउँ पालिकाले यो वर्ष गत वर्षको भुक्तानी दिन वाँकी

विवरण वमोजिम रु. ३०,०७,०५४ भुक्तानी गरेको छ । चालु प्रकृतिका खर्च तथा नियमावलीले दिन नपाउने खर्च वैठक भत्ता, इन्धन खर्च , विविध खर्च, पदाधिकारी अन्य सुविधा लगायत चालु प्रकृतिका शीर्षकमा भुक्तानी दिन वाँकी विवरण वाट भुक्तानी गरेको अनियमित खर्च रु.

| गो.भौ.नं./ मिति | कार्यक्रम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २/२०७९/४/३१ | दैनिक भ. भत्ता | अरुण कुमार यादव | १२,१४२ |
| | इन्धन खर्च | रिलायन्स फ्युल सेन्टर | ४,७१,५५२ |
| १०/२०७९/४/३१ | राष्ट्रपति रनिङ्ग सिल प्रतियोगिता | आदर्श युनिफर्म, होटल द्रव्य कट्रिर, नेशनल स्टेशर्नस एण्ड जर्नरल अर्डर सप्लायर्स | ३,००,१२० |
| ११/२०७९/५/०२ | इन्धन खर्च | इलाका प्रहरी कार्यालय सुइया | ३,४६१० |
| २०/२०७९/५/२ | कार्यालय सामाग्री खरिद | डटस वर्कस टेक्नोलोजी | १२०,५४४ |
| २०/२०७९/५/ | फर्निचर खरिद | फर्निचर उधोग | ९,४२,५७६ |
| ३५/२०७९/५/७ | कार्यालय सामाग्री खरिद | स्पीड कम्प्युटर्स सप्लायर्स | १,९९,३६५ |
| ३८/२०७९/५/८ | कार्यक्रम खर्च | वागेश्वरी अशल शासन क्लव | १,०२,५०० |
| ३८/२०७९/५/८ | करार सेवा शुल्क | लसनपुर प्राथमिक स्वास्थ्य केन्द्र | ८९,७४५ |
| ४७/२०७९/५/११ | पदाधिकारी खर्च | १ नं वडा सदश्य | २०,२०० |
| ५२/२०७९/५/११ | तालिम संचालन | कान्ति हेल्थ लाईन | ३,५०,००० |
| ८०/२०७९/५/२६ | विविध कार्यक्रमगत वैठक भत्ता | विभिन्न कर्मचारी | ५३,२०० |
| ३०९/२०७९/७/२३ | पदाधिकारी वैठक खर्च | १ नं वडा | ३६,००० |
| ३०९/२०७९/७/२३ | पदाधिकारी वैठक खर्च | ३ नं वडा | ३६,००० |
| ३०९/२०७९/७/२३ | पदाधिकारी वैठक खर्च | २ नं वडा | ३६,००० |
| ४५१/२०७९/९/१४ | सुचना तथा विज्ञापन | जेनी मल्टिभिजन प्रा. ली | १६२,००० |
| ७१९/२०७९/११/१७ | वैठक भत्ता | अपाङ्ग परिचयपत्र समिति | ४०,५०० |
| | | जम्मा रु. | ३००७०५४ |

| | |
|---|---|
| अनियमित भएको | ३०,०७,०५४ |

३५ **आर्थिक सहायता**

आर्थिक सहायता — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विपन्न गरिव तथा अशक्त नागरिलाई औषधि उपचार वापत रु. १० लाख आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३६ **खाना तथा विविध खर्च**

खाना तथा विविध खर्च — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस आर्थिक वर्षमा रु १०९२३२१३ आन्तरिक आय भएकोमा खाना तथा विविध खर्चमा मात्र रु २४,००,००० खर्च भएको छ जुन आन्तरिक आयको २१.९७ प्रतिशत हुन आउदछ।

अत पालिकाले विविध खर्च गर्दा आन्तरिक आयको परिधिमा रहेर मितव्यहिता कायम हुने गरी खर्च गर्नुपर्दछ ।

३७ **नाफामूलक संस्थालाई अनुदान**

नाफामूलक तथा अन्य निकाय/ संस्थालाई अनुदान — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका नाफामूलक तथा निजि फर्म र संस्थाको लागि १९६६४४६ अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।

| क्र.सं. | गो.भौ.नं./ मिति | संस्थाको नाम | रकम |
|---|---|---|---|
| १ | ३८/२०७९/५/८ | वागेश्वरी असल शासन क्लव | १,०२,५०० |
| २ | ५२/२०७९/५/११ | कान्ति हेल्थ लाइन | ३,५०,००० |
| ३ | ७५/२०७९/५/२५ | समर्पण नेपाल | ३,६०,००० |
| ४ | ४१२/२०७९/९/७ | मानव समाज विकास मञ्च | ६०,००० |
| ५ | ७६६/२०७९/१२/५ | मानव समाज विकास मञ्च | ४,७८,३५० |
| ६ | ७६८/२०७९/१२/५ | मानव समाज विकास मञ्च | २,३१,८६० |
| | | **जम्मा रु** | **१९६६४४६** |

३८ **वैठक भत्ता**

कर्मचारी वैठक भत्ता : प्रदेश सरकारद्धारा प्रकाशित सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका 2079 को वुदा नं ४ मा सार्वजनिक निकायले कार्यालयको आर्थिक दायित्व पर्ने गरी वैठकभत्ता प्रदान गर्दा एउटै निकाय र अन्तरर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई वस्ने वैठकमा भत्ता प्रदान गर्न पाइने छैन भन्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यो वर्ष रु. ६,५७,१०० वैठक भत्ता स्वरुप खर्च गरेकोमा कार्यालयका कर्मचारीहरु मात्र रहेको खरिद इकाई तथा वोलपत्र मूल्यांकन समितिको वैठकको भत्ता मा मात्र खर्च लेखेको छ । निर्देशिकाले गरेको व्यवस्था विपरित कार्यालयका कर्मचारी मात्र वसी रु ६,५७,१०० प्रदान गरिएको वैठक भत्तालाई नियमित खर्च मान्न नसकिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,५७,१०० |

३९ **प्रोत्साहन**

शिक्षकलाई प्रोत्साहन : प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को नियम ५ मा सार्वजनिक निकायले कार्यालय समय वाहेक अतिरिक्त समय कर्मचारी लाई काममा लगाउदा अतिरिक्त समय काम गर्नुपर्ने अवस्थामा आधार र कारण सहितको विवरण खुलाई सम्बन्धित निकायवाट स्वीकृति

लिई खर्च गर्न सकिने व्यवस्था गरेको छ । गाउँपालिकाले यो वर्ष ७३१/२०७९/११/२१ महेन्द्र माध्यमिक विधालय वडा नं ५ अतिरिक्त कक्षा संचाल वापत रु. ७,२०,००० प्रोत्साहन खर्च गरेको छ । शिक्षक प्रोत्साहन खर्चमा गाँउपालिकाको निर्णय पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२०,००० |

४० **अनुत्पादक खर्च**

अनुत्पादक खर्च : स्थानिय सरकार संचालन ऐन, २०७४ वमोजिम स्थानिय सरकारले योजना तथा कार्यक्रम संचालन गर्दा स्थानिय उत्पादन वृद्धी गर्ने तथा रोजगारी सिर्जना गर्ने गरी छनौट गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख गरेको छ । गाउँपालिकाले कानूनले गरेको व्यवस्था वमोजिम रोजगारी सिर्जना र उत्पादन मुलक क्षेत्रमा कार्यक्रम संचालन गर्नुपर्दछ । पालिका वाट संचालन भएका वितरण मुखी तथा अनुत्पादक कार्यक्रमको केही उदाहरण निम्न छन् ।

| गो.भौ.नं/मिति | कार्यक्रम | भुक्तानी भएको | रकम |
|---|---|---|---|
| ९२/२०७९/५/२७ | दलित समुदायको अवस्था र उत्थानको प्रयासहरु | जे.लि मल्टिभिजन प्रा. ली | ४,९८,००० |
| १४५/२०७९/६/३ | हाम्रो नरैनापुर | नेपाल टेलिभिजन | २,७१,२०० |
| ४१४/२०७९/९/११ | नरैनापुर गा. पा स्तरीय रामलिला महत्वस | रामलिला महत्सव समिति | २००,०० |
| ४१५/२०७९/९/१२ | दुई दिने लुम्विनी भ्रमण | नेपाल राष्ट्रिय माध्यमिक विधालय | ४८,०८८ |
| ४१६/२०७९/९/१२ | महिला हिंसा विरुद्ध क्षमता अभिवृद्धी तालिम | राप्ति युवा क्लव | ४,२७,४०० |
| ५७१/२०७९/१०/८ | लैंगिक हिंसा विरुद्ध सडक नाटक प्रदर्शन | राप्ती युवा क्लव | २,२९,००० |
| ६७४/२०७९/१०/२६ | हाम्रो नरैनापुर राम्रो नरैनापुर | अवध मिडीय ग्रुप | ४,९५,९९९ |
| ८/२०७९/६/९ कृषि तर्फ | अवलोकन भ्रमण | | २९,९८० |

४१ **कार्यालय सामाग्री खरिद**

मसलन्द तथा कार्यालय सामाग्री खरिद  सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले विभिन्न सप्लायर्स वाट रु 43,82,976 को मसलन्द तथा कार्यालय सामाग्री टुक्रा पारेर खरिद गरेको पाईयो । गाँउपालिकाले कार्यालय सामाग्री खरिद गर्दा कानूनी प्रकृया वमोजिम गर्नुपर्दछ ।

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान: **नरैनापुर गाउँपालिका, बाँके**

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dala Bahadur Basnet | २०७८-२-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Prakash Adhikari | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,१९०,४८४ | ३१,३३४,७८६ | १३,७०६,१९४ | ० | ० | ९,३४०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५९,५७१,४६४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५९,५७१,४६४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १९७६७८७.० | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४३५६९१२३ | **चालु खर्च** | ४१०७७४०९ |
| **प्रदेश सरकारबाट अनुदान** | २७५२०१८७ | **पूँजीगत खर्च** | २९४४५७५५७ |
| **राजश्व बाँडफाँट** | ०.० | **वित्तीय/अन्य व्यवस्था** | ३८७७०२३७४ |
| **आन्तरिक आय** | १०९२३२१३ | | |
| **अन्य आय** | ३७७१०६११९ | | |
| **कुल आय** | ७५९११८६४२ | **कुल खर्च** | ७२३२३७३४० |
| **बाँकी मौज्दात** | | ३७८५८०८९ | |